नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(प्रशासन पुनःसंरचना शाखा)
सिंहदरबार

प.सं.
च.नं.

## प्रेस-विज्ञप्ती

नेपालको संविधान बमोजिम संघीयता कार्यान्वयन तथा प्रशासन पुनःसंरचना सम्बन्धी समग्र कार्यहरुको संयोजन समन्वय र सहजीकरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट भइआएको छ । नेपाल सरकारका मुख्यसचिवको अध्यक्षतामा अन्य मन्त्रालयका सचिवहरु समेत सम्मिलित बैठकबाट मिति २०७४।०७।३० गते स्वीकृत संघीयता कार्यान्वयन तथा प्रशासन पुनसंरचनाका लागि अन्तरिम व्यवस्थापन सम्बन्धी कार्ययोजना अनुरुप बुँदागतरुपमा कार्यारम्भ भएको छ । उक्त कार्ययोजनाको बुदा नं १५ मा रहेको स्थानीय तहको कार्यक्षेत्र भित्र परेका स्थानीयस्तरका कार्यालय, जिम्मेवारी, सम्पत्ति, बजेट, कार्यक्रम आदि स्थानीय तहमा हस्तान्तरण गर्ने विषयमा मिति २०७४।०८।१० गते, २०७४।०८।११ र २०७४।०८।१३ गते बिभिन्न २२ वटा मन्त्रालयका सचिवज्यूहरु समेतको टोलीसंग मन्त्रालयगतरुपमा छुट्टा छुट्टै बैठक बसी सघन रुपमा छलफल सम्पन्न भई विभिन्न निर्णय भएको छ । नेपालको संविधान, नेपाल सरकारबाट स्वीकृत कार्यविस्तृतीकरण तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ समेतको आधारमा सम्बन्धित सबै मन्त्रालयहरुबाट आ-आफनो मन्त्रालय तथा मातहत रहेका कार्यालय, कार्यजिम्मेवारी अनुरुपको विस्तृत कार्यविवरण, सम्पति, जनशक्ति, बजेट, कार्यक्रम, क्षमता अभिबृद्धि सम्बन्धि कार्यक्रम, लगायत स्थानीय तहसंग सम्बन्धित अन्य दायित्व समेत समयबद्ध कार्ययोजना बनाइ स्थानीय तहमा हस्तान्तरण गर्ने निर्णय गरिएको छ । यी समग्र कार्य सम्पन्न गर्न आवश्यक सहयोग समन्वय तथा सहजीकरणको लागि सम्बन्धित मन्त्रालयका सहसचिवको संयोजकत्वमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प्रतिनिधि रहेको एक समिति गठन गर्ने र स्थानीय तहमा हस्तान्तरण गर्ने कार्यमा अर्थ मन्त्रालयले आवश्यक सहयोग गर्ने निर्णय भएको छ । यसै गरी सम्बन्धित सबै मन्त्रालयहरुले ७/७ दिनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा कार्यप्रगति पेश गर्नु पर्ने समेत निर्णय भएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका आर्थिक तथा पूर्वाधार क्षेत्र हेर्ने सचिव श्री महेन्द्रमान गुरुङ्गज्यूको संयोजन तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अन्य सबै सचिवज्यूहरुको सहभागिता रहेको उक्त बैठकहरुमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव श्री दिनेशकुमार थपलियाज्यू, अर्थ मन्त्रालय र महालेखा नियन्त्रकको कार्यालयका सहसचिवहरुको समेत उपस्थिति रहेको थियो ।

मितिः- २०७४।०८।१३

प्रेमलाल लामिछाने
उपसचिव

टेलिफोन : ४२११०२६, ४२११०१७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np